# पाठ ७

# हाम्रा रूपियाँ-पैसा र सम्पत्ति

अहिलेसम्म तपाईंले अध्ययन गर्नुभएका कुराले तपाईंका आफ्नै सम्पत्तिहरू र तत्त्वहरू अर्थात् तपाईंका मन, इच्छा, भावनाहरू, शरीर, समय र खूबीहरूलाई परिचालन गर्ने सम्बन्धमा आवश्यकीय तालिम प्रदान गरेको छ । तर, तपाईंलाई थाहा छ कि, हाम्रो अस्तित्व मात्र परमेश्वरले हामीलाई सुम्पनुभएको सम्पत्ति होइन । त्यहाँ अन्य किसिमको सामान पनि छ जुनचाहिँ रुपियाँ-पैसा र धन-सम्पत्ति हो । यस पाठले यी सम्पत्तिका बारेमा बताउँछ ।

तपाईंको हेरचाहामा परमेश्वरले राखिदिनुभएको रुपियाँ-पैसा र सम्पत्तिलाई कसरी परिचालन गर्ने भन्ने सम्बन्धमा तपाईंले जान्नु अति महत्त्वपूर्ण छ । यस उद्देश्यलाई मनमा राखी, तपाईंलाई अगुवाइ गर्ने सिद्धान्तहरूलाई, तपाईंमा हुनुपर्ने प्रवृत्तिलाई र तपाईंका कर्तव्यहरू पूरा गर्नका लागि तपाईंलाई सहयोग गर्ने विधिहरूलाई यी पाठहरूले निर्धारण गर्छन् ।

**पाठको रूपरेखा**

सिद्धान्तहरूलाई स्थापित गर्नु

परमेश्वरका दावीहरू

येशूका शिक्षाहरू

परमेश्वरका सेवकहरूका बयानहरू

ठीक प्रवृत्ति कायम राख्नु

दुइवटा दुष्टतालाई त्याग्नु

दुइवटा गुणहरूलाई रोप्नु

परमेश्वरले हामीलाई दिनुभएका कुरालाई व्यवस्थापन गर्नु

रुपियाँ-पैसा कमाउनु

बजेट बनाउनु

परमेश्वरलाई पहिलो स्थान दिनु

आफ्नो रुपियाँ-पैसालाई बुद्धिमानसाथ खर्च गर्नु



## पाठका उद्देश्यहरू

यस पाठको अध्ययनपछि तपाईंले :

- मानिस र धन-सम्पत्तिको बारेमा बाइबलले के सिकाउँछ सोको व्याख्या गर्न सक्नुपर्नेछ।
- आफूले रुपियाँ-पैसा कमाउनमा र व्यवस्थापन गर्नमा खीष्टियान कारिन्दालाई मार्गदर्शन दिने सिद्धान्तहरूलाई जीवनमा प्रयोग गर्न सक्नुपर्नेछ।

## सिक्ने क्रियाकलापहरू

१. यो व्यावहारिक पाठ हो ! तपाईंको रूपियाँ-पैसा र सम्पत्तिलाई व्यवस्थापन गर्नका लागि तपाईंलाई सहयोग पुऱ्याउन यसमा धेरै सुझावहरू छन्। सबै अध्ययन प्रश्नहरूका उत्तरहरू दिन नभुल्नुहोस्।

२. तपाईंले नबुभ्नुभएका मुख्य शब्दहरूका परिभाषाहरूलाई यस पुस्तकको अन्त्यमा दिइएको शब्दकोशमा पत्ता लगाउनुहोस् । उल्लेख गरिएको प्रत्येक पदलाई भेट्टाई तपाईंको बाइबलमा पढ्नुहोस् ।

३. पाठलाई पूरा गर्नुभएपछि यसलाई समीक्षा गर्नुहोस्, तब स्वयम्-जाँच लिनुहोस् र तपाईंका उत्तरहरू जाँच्नुहोस्

## मुख्य शब्दहरू

| | | |
|---|---|---|
| मुद्रा स्फ्रीति | सम्पत्ति | उपाधि |
| जम्मा गर्नु | प्रतिशत | प्रणालीगत रूपमा |
| बजेट | पूर्वभाव (पक्षपात) | दशांश |
| खर्च | फाइदा | अत्याचारी |
| नाजायज फाइदा | आम्दानी | |

## पाठ विकास

### सिद्धान्तहरूलाई स्थापित गर्नु

उद्देश्य १. *रुपियाँ-पैसा र धन-सम्पत्तिको बारेमा बाइबलले सिकाएको कुरासँग पहिचान गर्नुहोस् ।*

पाठ १ र २ मा हामीले मालिकका रूपमा परमेश्वर र कारिन्दाका रूपमा मानिसका धारणाहरूलाई विचार गऱ्यौं । रुपियाँ-पैसा र धन-सम्पत्तिका सम्बन्धमा यी धारणाहरू अति नै सान्दर्भिक छन्, किनकि, हाम्रो सोचाइमा कारिन्दा त्यो व्यक्ति हो जसले रुपियाँ-पैसा र धन-सम्पत्तिको व्यवस्थापन गर्छ ।

### परमेश्वरका दावीहरू

रूपियाँ-पैसा र सम्पत्तिले यस संसारको धनको निर्माण भएको हुन्छ । तर प्राचीन समयदेखि नै सुन र चाँदीद्वारा प्रतिनिधित्व गरिएको रूपियाँ-पैसाको बारेमा परमेश्वरले भन्नुहुन्छः "चाँदी मेरै हो, र सुन पनि मेरै हो" (हाग्गै २:८) । अनि सम्पत्तिहरूका सम्बन्धमा, सबैभन्दा ठूलोचाहिँ पृथ्वी हो, अनि परमेश्वरले घोषणा गर्नुहुन्छः "पृथ्वी परमप्रभुकै हो" (प्रस्थान ९:२९) । लेवी २५:२३ मा जमीन प्रयोग गर्नका लागि परमेश्वरले इस्राएलीहरूलाई अधिकार दिनुहुन्छ, तर यस

सम्पत्तिको उहाँले आफ्नै निम्ति सुरक्षित राख्नुहुन्छ भन्ने कुरालाई ध्यान दिनुहोस् । मानवजातिभन्दा पनि परमेश्वर कति धेरै जमीनको मालिक हुनुहुन्छ !

१. परमेश्वरका दावीहरूका दृष्टिकोणमा, हाम्रा सम्पत्तिहरूप्रति हाम्रो प्रवृत्ति कस्तो हुनुपर्छ ?

..........................................................................................................

## येशूका शिक्षणहरू

प्रभु येशूका शिक्षाहरूले मानिस र धन-सम्पत्तिका बारेमा धेरै बताउँछ । यीमध्ये, मुख्य शिक्षाहरू यी हुन्:

१. यस पृथ्वीमा हामीले आफ्नो निम्ति धन-सम्पत्ति थुपार्नु हुँदैन (मत्ती ६:१९-२१) । यसो गर्नुचाहिँ मूर्खको जस्तै व्यवहार गर्नु हो (लूका १२:१६-२१; मर्कूस ८:३६) ।

२. हामीहरूले परमेश्वर र धन दुवैको सेवा गर्न सक्दैनौं (मत्ती ६:२४) ।

३. गरीबहरूलाई सहयोग गर्नमा हामीले हाम्रो धन-सम्पत्तिलाई लगानी गर्नुपर्छ । यसो गर्नुचाहिँ स्वर्गमा धन-सम्पत्ति जम्मा गर्नु हो (मत्ती ६:२०; १९:२१; लूका १२:३३; १६:९) ।

४. परमेश्वरको राज्यमा प्रवेश गर्नका लागि धनी व्यक्तिहरूका निम्ति अति नै कठिन छ (लूका १८:१८-२५) ।

यी सबै शिक्षाहरूले तलको सत्यतालाई प्रकट गर्छन्: आफूले सोचेको तरीकामा होइन तर परमेश्वरले चाहनुभएको तरीकामा मानिसले आफ्नो धन-सम्पत्तिलाई प्रयोग गर्नुपर्छ । यो अति नै न्यायसंगत छ, र दिइएको तथ्यचाहिँ यो हो कि धन-सम्पत्तिको साँचो मालिक मानिस होइन, तर परमेश्वर हुनुहुन्छ । अनि, यसका अतिरिक्त, येशूले यस तथ्यलाई स्पष्टसँग नमूनित गर्नुभएको छ कि तीन जना नोकरहरू (मत्ती २५:१४-३०), चतुर व्यवस्थापक (लूका १६:१-८), र सुनको सिक्का (लूका १९:११-२६)को दृष्टान्तमा मानिस उसको सम्पत्तिको कारिन्दा मात्र हो । यी तीनवटै अवस्थाहरूमा नोकरहरूले आफ्ना मालिकका सम्पत्तिहरूलाई व्यवस्थापन गरेका थिए ।

## परमेश्वरका सेवकहरूका बयानहरू

धन-सम्पत्तिको कारिन्दापन के हो भनी स्पष्टसँग बुझ्ने प्राचीन समयका मानिसहरूमध्ये एक जनाचाहिँ दाऊद थिए । धन-सम्पत्तिको साँचो मालिकचाहिँ परमेश्वर हुनुहुन्छ भनी उनले बताएका थिए (१ इतिहास २९:१२,१६) । अनि मन्दिरको निर्माणको निम्ति उनी र इस्राएलले जम्मा गरेको धन-सम्पत्तिलाई उनले प्रयोग गर्दा, उनले भने कि जे कुरा परमेश्वरको हो त्यही कुरा नै उनले फर्काएर परमेश्वरलाई दिँदैछन् (१ इतिहास २९:१४, १६-१७) ।



शुरुका चेलाहरूले पनि आफ्ना धन-सम्पत्तिका मालिक आफैलाई ठानेका थिएनन् (प्रेरित ४:३२) । यसको सट्टामा, येशूका शिक्षाहरूलाई पछ्याई, तिनीहरूले गरीबहरूका कल्याणका निम्ति आफ्ना धन-सम्पत्तिलाई प्रयोग गरेका थिए (प्रेरित २:४५; ४:३४) ।

यस संसारमा हामीसँग भएका थोकहरूका मालिक हामी होइनौं भनी प्रेरित पावलले घोषणा गरेका छन्; हामी प्रयोगकर्ताहरू मात्र हौं, किनकि "हामीले नता यस संसारमा केही ल्यायौं न यहाँबाट केही लैजान नै सक्छौं (१ तिमोथी ६:७) ।

२. रूपियाँ-पैसा र धन-सम्पत्तिका बारेमा बाइबलका शिक्षालाई पछ्याउने व्यक्तिको प्रत्येक विवरणको अगाडिको अक्षरमा घेरा लगाउनुहोस् ।

क. राल्फले पैसा कमाउनका लागि धेरै परिश्रम गरेका छन् । कमाइएको त्यो पैसा उनको आफ्नै होजस्तो उनलाई लाग्छ, यसैले आफूलाई मन लागेअनुसार उनले यसलाई खर्च गर्छन् ।

ख. गरीब परिवारका छोराछोरीका निम्ति लुगाफाटा किनिदिएर उनीहरूलाई सहयोग गर्नका लागि जेनले आफ्नो केही पैसा प्रयोग गर्छिन् ।

ग. टिमले आफ्नो सबै रूपियाँ-पैसा सुरक्षित ठाउँमा राख्छन् र अझ धेरै बनाउनका लागि उनी यसमा थपिरहन्छन् ।

घ. पास्टरका रूपमा आफूले धेरै पैसा कमाउन नसक्ने कुरा जोशलाई थाहा भए तापनि, पास्टर बन्नका लागि उनी परमेश्वरको अगुवाइलाई पछ्याउँछन् ।

## ठीक प्रवृत्ति कायम राख्नु

उद्देश्य २. *रूपियाँ-पैसा र धन-सम्पत्तिप्रति एक व्यक्तिसँग हुने प्रवृत्तिका विवरणहरू र उदाहरणहरूको सूचीबाट बाइबलका शिक्षासँग सहमत हुने विवरण र उदाहरणहरूलाई छान्नुहोस् ।*

## दुइवटा दुष्टतालाई त्याग्नु

*लोभ*

लोभको पाप अझ धेरै थोकहरू प्राप्त गर्ने अतृप्त इच्छा हो । पत्रिका संवाददाताहरूको एक समूहद्वारा एक अरब पतिलाई अन्तरवार्ता गरिएको थियो । तीमध्ये एक जनाले भन्यो: “तपाईंले आफ्ना सबै अभिलाषाहरूलाई पूरा गर्नुभयो होला भनी हामी अनुमान गर्छौं ।” तर जीवनमा तपाईंले गर्नचाहनुहुने अरू केही कुरा त्यहाँ छ कि ? “अरब पतिले यस प्रश्नलाई यसरी जवाफ दिए:” जवान मानिस, मैले साँच्चै चाहेको कुराचाहिँ मसँग अहिले भएको कुराभन्दा अलिकति धेरै प्राप्त गर्नु हो । धन-सम्पत्तिचाहिँ कस्तो अत्याचारी मालिक बन्न सक्छ ! येशूले यसो भन्नुहुँदा केवल कुराकानी मात्र गर्नु भएको थिएन: “होशियार रहो, सबै किसिमका लालचबाट जोगिने काम गर, किनकि मानिसको जिन्दगी उसको धन-सम्पत्तिको प्रशस्ततामा रहँदैन” (लूका १२:१५) ।

प्रेरित पावलले लोभलाई सम्बोधन गरी यो झूटा देवताहरूको आराधना हो भनेका छन् (कलस्सी ३:५) र अति डरलाग्दा पापहरूको सूचीमा यसलाई राखेका छन् (एफिसी ५:३-५) । अर्को ठाउँमा उनले भनेका छन् कि, “तर धनी हुने इच्छा गर्नेहरू परीक्षामा पर्छन्, पासोमा फस्छन् र धेरै अर्थहीन र दु:खदायी इच्छाहरूमा डुब्छन्, जसले मानिसहरूलाई बरबादी र सर्वनाशमा डुबाउँछन्” (१ तिमोथी

६:९)। यसको अर्थ लोभचाहिँ धनीसँग मात्र हुने पाप होइन। वास्तवमा, एक व्यक्तिले भनेका छन् कि यो पापलाई चाहिँ कसैले पनि स्वीकार गर्न चाहँदैन। यसका अतिरिक्त, पावलले घोषणा गरेका छन् कि रूपियाँ-पैसाको मोह वा लोभ नै सबै किसिमका खराबीको जड हो (१ तिमोथी ६:१०)। उहाँले हामीलाई दिनुभएको सम्पत्तिलाई होइन, तर हाम्रो जिम्मामा राखिदिनुभएको त्यस सम्पत्तिका मालिकलाई प्रेम गर्ने कुरामा हामी पक्का होऔं !

३. लोभको विरुद्धमा सचेत हुनका लागि येशूले किन हामीलाई चेताउनी दिनुभयो ?

..............................................................................................................

*फिक्री*

फिक्रीको हानिकारक भावना लोभ सँगसँगै जान्छ। कहिलेकहीँ एउटाले अर्कोलाई उठाएको जस्तो देखिन्छ। तर येशूले भौतिक आवश्यकताहरूका बारेमा भएको अतिबढी पूर्वभावका सम्बन्धमा धेरै कुरा बताउनुभएको छ। वास्तवमा, हामीले किन फिक्री गर्नुहुँदैन भन्ने सम्बन्धमा मत्ती ६:२५-३४ मा येशूले तीनवटा कारणहरू दिनुभएको छ :

१. परमेश्वरले हाम्रो जीवन र हाम्रो शरीर हामीलाई दिनुभएको छ। यी सम्पत्तिहरू जीवनलाई बचाउने खानेकुरा र शरीरलाई ढाक्ने लुगाफाटाभन्दा अति नै मूल्यवान् छन्। अनि यदि परमेश्वरले हामीलाई यी सम्पत्तिहरू दिनुभएको छ भने, यिनीहरूलाई हेरचाहा गर्नका निम्ति आवश्यक पर्ने सबै थोकहरू पनि उहाँले हामीलाई दिनुहुनेछ। उहाँले हामीलाई भोकले मर्न र नाङ्गै हिँड्न दिनुहुन्न ! उहाँले चराहरू र फूलहरूलाई यस्तो हुन दिनुहुन्न; उहाँका कारिन्दाहरू हामीलाई उहाँले किन यसो हुन दिनुहुन्छ र !

२. हामीलाई खानेकुरा र लुगाफाटाको आवश्यकता पर्छ भनी परमेश्वर जान्नुहुन्छ र यी कुराहरू हामीलाई दिनका लागि उहाँ तयार हुनुहुन्छ।

३. हरेक दिनले आफ्नो फिक्री आफैले गर्छ। यसैले भोलीका पूर्वभाव (फिक्री) हरूलाई आजमा थप्नु अर्थहीन हुन्छ।

हामी केही कुरामा पनि चिन्तित हुनुहुँदैन तर हाम्रा सबै खाँचोहरूलाई प्रार्थनामा परमेश्वरकहाँ लैजानुपर्छ भनी प्रेरित पावलले पनि हामीलाई बताएका छन् (फिलिप्पी ४:६) । हाम्रा सबै खाँचोलाई परमेश्वरले पूरा गरिदिनुहुनेछ भन्ने कुरामा उनी पक्का थिए (फिलिप्पी ४:१९) ।

प्रेरित पत्रुसले पनि हामीलाई यस्तै सल्लाह दिएका छन्: "तिमीहरूका सारा फिक्री उहाँलाई सुम्पिदेओ, किनकि उहाँले तिमीहरूको वास्ता गर्नुहुन्छ" (१ पत्रुस ५:७) । विभिन्न थोकहरूका बारेमाभन्दा ती थोकहरू हामीलाई दिनुहुने व्यक्तिलाई प्रसन्न तुल्याउने बारेमा हामी सारेकारित हुनुपर्छ ।

करीब उन्नाइस वर्ष पहिले पहिलोपल्ट हाम्रो जीवनमा म र मेरो परिवारले खाना नपाउने भयौं भनी मैले विचार गरें । खानका लागि हामीसँग घरमा केही पनि थिएन । यदि प्रभुले चाहनुभयो भने म र मेरी श्रीमती भोको रहनलाई पनि तयार थियौं (फिलीप्पी ४:१२) । तर हाम्री एक वर्षकी छोरी पनि त्यही अनुभवबाट भएर जानुपर्ने कुरालाई चाहिँ मैले बुझ्न सकिन । यद्यपि, हामीले सोचेकोजस्तो चाहिँ भएन ! परमेश्वरले दश दिन पहिले देखिनै थोकहरूलाई तयार पार्नुभएको रहेछ, यसैले एक महिनाभन्दा धेरैसम्मलाई पर्याप्त हुनेगरी त्यसदिन हामीले प्राप्त गऱ्यौं ! परमेश्वरले आफ्ना छोराछोरीका आवश्यकताहरूलाई जुटाइदिनुहुन्छ, र तिनीहरूको हेरचाहा गर्नुहुन्छ भन्ने कुरा सत्य हो । यदि तपाईं तीब्र आर्थिक कठिनाइको समयद्वारा भएर गइरहनुभएको छ भने परमेश्वरले मेरो निम्ति गर्नुभएझैं तपाईंको निम्ति पनि गर्न सक्नुहुनेछ ।

४. तपाईंले फिक्री गरिरहनुभएका केही कुराहरू के त्यहाँ छन् ? तपाईंको अभ्यास-पुस्तिकामा तिनीहरूलाई लेख्नुहोस् र तिनीहरूका हेरचाहा प्रभुले गर्नुहुन्छ भनी उहाँमा भरोसा गर्न प्रभुसँग प्रार्थना गर्नुहोस् । यी फिक्रीहरूलाई प्रार्थनामा तपाईंले उहाँमा चढाउनुभएको छ भनी उहाँलाई भन्नुहोस् र यसरी तिनीहरूका बारेमा तपाईंले अब फिक्री गर्नुपर्ने आवश्यकता पर्दैन । किन हामीले हाम्रा फिक्रीहरू परमेश्वरलाई दिनैपर्छ ?

..........................................................................................

## दुइवटा गुणहरूलाई रोप्नु

*सन्तुष्टि*

लोभको विपरीत, सन्तुष्टिचाहिँ, थोरै भए पनि वा धेरै भए पनि तपाईंसँग भएको कुरामा तृप्त हुनु हो (हिब्रू १३:५)। सन्तुष्टिको अर्थ धन-सम्पत्ति पाउने इच्छा राख्नु वा दरिद्र हुनु भन्ने हुँदैन (हितोपदेश ३०:८-९)।

मत्ती २५:१५ अनुसार, परमेश्वरले आफ्नो सम्पत्ति आफ्ना प्रत्येक कारिन्दाहरूको खूबीअनुसार तिनीहरूले व्यवस्थापन गर्न सक्ने जति दिनुहुन्छ। उहाँले कसैलाई धेरै र अरूहरूलाई थोरै दिनुहुन्छ। तर आफूसँग भएको थोरै कुरालाई परिचालन गर्न यदि कारिन्दा विश्वासयोग्य भयो भने, प्रभुले उसलाई अझ धेरैको जिम्मा दिनुहुनेछ (मत्ती २५:२१)। त्यसकारण परमेश्वरले हामीलाई दिनुभएका कुरामा हामी सन्तुष्ट हुनुपर्छ (१ तिमोथी ६:६, ८) र ठीक समयमा उहाँले हामीलाई धेरै दिनुहुन्छ भनी हामीले भरोसा गर्नुपर्छ।

एक ख्रीष्टियान कारिन्दाले आफ्ना आवश्यकताहरू र आफ्ना इच्छाहरूका बीचमा भिन्नता छुट्ट्याउन सक्नुपर्छ। हामीलाई आवश्यक पर्ने सबै थोकहरू हामीलाई दिने प्रतिज्ञा परमेश्वरले गर्नुभएको छ (फिलिप्पी ४:१९); तर हामीलाई इच्छालागेका सबैथोकहरू हामीलाई दिनका लागि उहाँ तयार हुनुहुन्न (याकूब ४:३)। उहाँले हाम्रो निम्ति वास्ता गर्नुहुनाले हाम्रा निम्ति के उत्तम छ भन्ने कुरा उहाँलाई थाहा छ। आफूलाई खाँचो परेको कुरा यदि एक विश्वासीसँग छ भने, सन्तुष्ट हुने पर्याप्त कारण यही नै हो।

*उदारता*

उदारताको गुणचाहिँ प्रशस्ततासँग दिनु हो। यो परमेश्वरको एउटा गुण हो (१ तिमोथी ६:१७), जसले हाम्रा निम्ति आफ्ना पुत्रलाई दिनुभयो (यूहन्ना ३:१६)। सन्तुष्टिजस्तै उदारता चाहिँ लोभको विपरीत हुन्छ। लोभी व्यक्तिले आफ्नो निम्ति मात्र सम्पत्ति जम्मा गर्छ, तर उदार चित्तको व्यक्तिले अरूहरूका भलाइको निम्ति आफ्नो सम्पत्ति दिन्छ (प्रेरित २:४५; ४:३४-३७)।

पाठ २ मा हामीले अध्ययन गर्‍यौं कि दिनुचाहिँ परमेश्वरको सम्पत्तिलाई लगानी गर्नु हो, अर्थात् दिनुचाहिँ ख्रीष्टियान कारिन्दापनको महत्त्वपूर्ण भाग हो। यस अर्थमा हामी भन्नसक्छौं कि लोभी व्यक्तिले परमेश्वरका कुराहरूलाई लिएर,



आफूले चाहेअनुसार तिनीहरूको प्रयोग गर्छ भने, उदार व्यक्तिले चाहिँ परमेश्वरले चाहनुभएअनुसार, तिनीहरूलाई प्रयोग गरेर तिनीहरूका व्यवस्थापन गर्छ ।

परमेश्वरले अवश्य पनि उहाँको प्रत्येक कारिन्दा उदार व्यक्ति भएको चाहनुहुन्छ । अनि सर्वप्रथम उसको उदारता परमेश्वरप्रति भएको उसको सम्बन्धमा देखाइनुपर्छ (प्रस्थान ३५:५) । खाली हात लिएर कोही पनि परमेश्वरको नजीक आउनुहुँदैन (व्यवस्था १६:१६-१७)

५ परमेश्वरतर्फ भएको तपाईंको उदारतालाई तपाईंले देखाउन सक्नुहुने विभिन्न तरीकाहरूको सूचीलाई आफ्नो अभ्यास-पुस्तिकामा उतार्नुहोस् ।

उदारताको महत्त्वपूर्ण उदाहरण मरियमको उदाहरण हो (यूहन्ना १२:३) । तिनले महँगो भेटी लिएर येशूकहाँ आइन् । तर महत्त्वपूर्ण कुराचाहिँ भेटीको मूल्य नै चाहिँ थिएन तर आफ्ना प्रभुप्रति मरियमले अभिव्यक्त गरेकी प्रेमको कारण यो मूल्यवान भएको थियो । अनि येशूले भन्नुभयो कि जहाँजहाँ सुसमाचार प्रचार गरिन्छ मरियमले गरेकी कामको पनि स्मरण गरिनेछ ।



हामीले विचार गर्नुपर्ने एक महत्त्वपूर्ण प्रश्न होः के गरीब व्यक्ति उदारचित्तको हुनसक्छ ? बाइबलले हामीलाई सिकाएअनुसार ऊ हुनसक्छ। पुरानो करारमा परमेश्वरले नियम बनाउनुभयो कि यदि एक व्यक्तिले बलिदानको निम्ति बाछो, थुमा वा बोका ल्याउन सकेन भने, उसले दुइवटा ढुकुरहरू वा दुईवटा परेवाहरू ल्याउन सक्थ्यो (लेवी १:१४; ५:७,१२:८)। योसेफ र मरियम गरीब भए तापनि, उनीहरूले यो कर्तव्यलाई पूरा गर्नुपरेको थियो (लूका २:२४)।

तामाका दुइ पैसा चढाउने विधवाको उदाहरणले गरीब व्यक्ति पनि अति उदारदायी बन्नसक्छ भन्ने तथ्यलाई पक्का गर्छ (लूका २१:२-४)। तिनी धेरै गरीब थिइन्; तर तिनले आफ्नो जीविका चलाउने कुरा नै दिइन्। यसरी नै, माकेडोनियाका विश्वासीहरू धेरै नै गरीब भए तापनि, तिनीहरू अति नै उदारदायी थिए र आफ्ना औकातभन्दा बढी दिए (२ कोरिन्थी ८:१-३)।

६. मानिलिऔं, तपाईंका कोही मित्रहरूले तल उल्लिखित बयानहरू बनाउँछन्। यस पाठमा तपाईंले सिक्नुभएका कुराहरूका आधारमा तपाईं कुन कुनसँग सहमत हुनुहुन्छ तिनीहरूका अगाडिको अक्षरमा घेरा लगाउनुहोस्।

क. "गरीब व्यक्तिहरू लोभी बन्नु असम्भव छ।"

ख. "बाइबलले बताउँछ कि सबै खराबीको स्रोत रूपियाँ-पैसा नै हो।"

ग. "आफ्ना भौतिक आवश्यकताहरूका बारेमा फिक्री नगर्नु भनी येशूले मानिसहरूलाई भन्नुभयो।"

घ. "लोभी मानिसहरू र उदार मानिसहरूका बीचको भिन्नता तिनीहरूसँग भएका सम्पत्तिको परिमाण हो।"

ङ. "गरीब व्यक्ति उदार हुनका लागि सम्भव छ।"

७. अध्ययन प्रश्न ६ मा दिइएका केही बयानहरूसँग तपाईं सहमत हुनुभयो र अरूहरूसँग असहमत हुनुभयो। प्रत्येक बयानलाई फेरि पढ्नुहोस्। तलको तालिकामा उही अक्षरको पछाडिपट्टि तपाईं त्यस बयानसँग सहमत वा असहमत के हुनुहुन्छ सो लेख्नुहोस्। त्यसपछिको खाली ठाउँमा, तपाईंको उत्तरलाई समर्थन गर्ने कमसेकम एउटा बाइबल पदलाई लेख्नुहोस्। तपाईंलाई उदाहरण दिनका लागि पहिलोलाई चाहिँ लेखिएको छ।

| बयान | सहमत वा असहमत | समर्थन गर्ने बाइबल पद |
|---|---|---|
| क) | *असहमत* | १ तिमोथी ६:९ |
| ख) | | |
| ग) | | |
| घ) | | |
| ङ) | | |

## परमेश्वरले हामीलाई दिनुभएका कुरालाई व्यवस्थापन गर्नु

### रूपियाँ-पैसा कमाउनु

उद्देश्य ३. *रूपियाँ-पैसा कमाउनको निम्ति बाइबलमा दिइएका सिद्धान्तहरूलाई प्रयोग गर्ने व्यक्तिहरूका उदाहरणहरूलाई छान्नुहोस् ।*

माथिको शीर्षक अनौठो देखिन्छ, के देखिँदैन र ? तर रूपियाँ-पैसा कमाउनुको अर्थ धन-सम्पत्तिलाई जम्मा गर्नु भन्ने हुँदैन । तीन जना नोकरहरूको दृष्टान्तमा हामी पढ्छौं कि व्यापारमा फाइदा गर्ने नोकहरूलाई मालिकले इनाम दिए र त्यसो नगर्नेलाई उनले दण्ड दिए । यसले हामीलाई देखाएँछ कि हामीले रूपियाँ-पैसा कमाएको परमेश्वरले चाहनुहुन्छ; किनकि रूपियाँ-पैसा कमाउनु हाम्रो कारिन्दापनको एक भाग हो ।

तर तपाईंले भन्नुहोला: *के रूपियाँ-पैसा खराब होइन र ?* अवश्य पनि होइन । त्यहाँ कोही कोही छन् जसले "फोहोर पैसा" वा "खराब धातु" भन्ने गर्छन्, तर दुष्टताचाहिँ रूपियाँ-पैसाको मोह हो र फोहोर वा खराबचाहिँ यसको दुष्ट प्रयोग हो । पैसा यसैमा आशिषित हुनसक्छ । संसारमा परमेश्वरको कामलाई वृद्धि गर्न, गरीबहरूलाई सहयोग गर्न, र एक व्यक्तिका व्यक्तिगत आवश्यकताहरूलाई पूरा गर्नका लागि यसले सेवा गर्न सक्छ । यदि एउटा कारिन्दाले यी लक्ष्यहरू मनमा राखेर फाइदाहरू कमाउँछ भने, परमेश्वरले उसको समृद्धि गर्नुहुनेछ । अब्राहाम, इसहाक र अय्यूब सन्तहरू थिए र परमेश्वरले तिनीहरूलाई समृद्ध तुल्याउनु भयो (उत्पत्ति १२:५; २६:१२-१३; अय्यूब १:१-३; ४२:१२) । यद्यपि, परमेश्वरका कारिन्दाहरूले रूपियाँ-पैसा कमाउँदा खास सिद्धान्तहरूमा समर्पण गर्नु आवश्यक पर्छ ।

१. *एक ख्रीष्टियान कारिन्दाले काम गरेर रूपियाँ-पैसा कमाउनुपर्छ।* यो चाहिँ रूपियाँ-पैसा कमाउने इमान्दारी बाटो हो (एफिसी ४:२८; २ तिमोथी २:५)। "आफ्नो जीविकाको निम्ति" विश्वासीहरूले काम गर्नैपर्छ (२ थेसलोनिकी ३:१२) र "कसैले काम गर्दैन भने त्यसले नखाओस्" (२ थेसलोनिकी ३:१०) भनी प्रेरित पावलले पनि सिकाएका थिए। काम र कमाइको बीचको सम्बन्धलाई प्रभुद्वारा नै निर्धारण गरिएको थियो। वास्तवमा उहाँले भन्नुभयो कि खेताला आफ्नो ज्यालाको योग्य हुन्छ (लूका १०:७)। यदि काम गर्नुको सट्टा विश्वासीले आफैलाई अल्छीपनमा दियो भने विश्वासी कति गरीब हुन्छ र परमेश्वरको कति ठूलो अनादर हुन्छ (हितोपदेश १३:४; २०:४; २४:३०-३४)!

८. रुपियाँ-पैसा आशिष बन्न सक्ने केही उपायहरूलाई आफ्नो अभ्यास-पुस्तिकामा लेख्नुहोस्।

यद्यपि, ख्रीष्टियान कारिन्दाले गम्भीर रूपमा विचार गर्नुपर्ने कुरा त्यहाँ छन्: क) अरूहरूलाई ढाँट्न, छल्न वा ठग्न लगाउने व्यक्तिको समृद्धिको निम्ति र ख) रक्सीजन्य पदार्थहरू, सुर्तिजन्य पदार्थहरू र बन्दुकजस्ता आफ्ना छिमेकीलाई हानि वा नाश गर्ने उद्देश्यसाथ बनाइएका उत्पादनहरूलाई बनाउने वा बिक्री गर्ने व्यापारको निम्ति यदि उनले काम गरेका छन् भने के उनले इमान्दारितासाथ रूपियाँ-पैसा कमाएका छन् त भन्ने प्रश्न खडा हुन्छ।

२. *ख्रीष्टियान कारिन्दाले बेइमानी कुराहरू गरेर रूपियाँ-पैसा कमाउनु हुँदैन।* परमेश्वरका कारिन्दाका रूपमा भएका ख्रीष्टियान सेवक रूपियाँ-पैसाको निम्ति लोभी हुनुहुँदैन भनी प्रेरित पावलले सिकाएका छन् (१ तिमोथी ३:३; तीतस १:७)। फलतः एक विश्वासीले तल उल्लिखित तरीकामा रूपियाँ-पैसा कमाउनु हुँदैन:

क. *चोरी।* धनीबाट लुट्नु न्यायको कार्य हो भन्ने धारणा धेरै ठाउँहरूमा प्रचलित छ; तर बाइबलले न्यायगत र अन्यायगत किसिमको चोरीको बीचमा कुनै भिन्नता बनाएको छैन (प्रस्थान २०:१५; एफिसी ४:२८)।

ख. *बाङ्गो व्यापार।* व्यापारमा जेसुकै पनि हुन्छ भनी विश्वास गर्नेहरूको उद्देश्य "व्यापार व्यापार नै हो" भन्ने हुन्छ। तिनीहरू व्यापार र नैतिकताको बीचमा केही पनि सम्बन्ध देख्दैनन्। आफ्ना छिमेकीसँग

नाजायज फाइदा लुट्ने, झूट बोल्ने, ठग्ने र नकली काम गर्ने कुरालाई व्यापार नित्यक्रमको भाग हो भनी विचार गरिन्छ ।

ग. *जुवा खेल्ने !* केही खेल संगठनहरूले तिनीहरूको जुवा खेलाइचाहिँ धनी बन्ने सबैभन्दा छोटो उपाय हो भन्दै खुला रूपमा लोभलाई उत्साह दिन्छन् । सत्यता चाहिँ यो हो कि तिनीहरूले धेरै व्यक्तिहरूलाई गरीब बनाएर थोरै व्यक्तिहरूलाई मात्र धनी बनाउँछन् । जुवामा सहभागी हुनेहरूलाई यसले भ्रष्ट पार्छ । योचाहिँ अति सानो लगानीबाट ठूलो फाइदा उठाउने बेइमानी सिद्धान्तमा आधारित भएको हुन्छ ।

९. रूपियाँ-पैसा कमाउनका निम्ति बाइबलले दिने सिद्धान्तलाई पछ्याउने प्रत्येक व्यक्तिको अगाडिपट्टिको अक्षरमा घेरा लगाउनुहोस् ।

क. जिमको तलब थोरै छ । प्रभुलाई दिनका लागि आफूले धेरै रूपियाँ-पैसा पाउन सकियोस् भन्ने हेतुले उनले यसबाट केही रूपियाँ-पैसा जुवा खेल्नका निम्ति प्रयोग गर्ने निर्णय गरे ।

ख. शान्ति पसलमा काम गर्छिन् । ३ पाउण्ड लेखिएको प्याकेटहरूमा २.७५ पाउण्ड सिमी हालेर प्याकेटहरू भर्नू भनी पसलेले तिनलाई अह्राउँछन् । यदि तिनले उनले भनेअनुसार गरिनन् भने तिनले आफ्नो काम गुमाउँछिन् । त्यो काम छोडेर अर्को काम खोज्ने निर्णय शान्ति गर्छिन् ।

ग. धनी परिवारको रूखबाट केही फलफूल टिप्नका लागि रातको समयमा आफूसँग जानका लागि जर्जका छिमेकीले उनीसँग आग्रह गर्छन् । जर्जको परिवारलाई फलफूल असाध्यै मनपर्छ, तर त्यो विचार गल्ती छ भनी जर्जले निर्णय गर्छन् र उनी जाँदैनन् ।

## बजेट बनाउनु

उद्देश्य ४. *पाठमा दिइएको उदाहरणलाई पछ्याई बजेट बनाउनुहोस् ।*

धेरै मानिसहरूका एउटा समस्याचाहिँ आफूले कमाएको रूपियाँ-पैसालाई कसरी खर्च गर्नु भन्ने हो । सामान्य अभ्यासचाहिँ तिनीहरू आफूले कमाएकोभन्दा पनि धेरै खर्च गर्छन् । फलस्वरुप, तिनीहरूलाई ऋण लाग्छ र त्यो ऋण तिर्न नसक्दा तिनीहरू निराश बन्छन् ।

एउटा बजेटचाहिँ केही समयअवधिमा हुने खर्च र तिनीहरूलाई तिर्ने आम्दानीको सूची हो। एउटा बजेटले आफ्नो वास्तविक आर्थिक अवस्थालाई थाहा गर्न एक व्यक्तिलाई सहयोग गर्छ; यदि उसको आम्दानीभन्दा खर्च बढी छ भने, उसले आफ्नो खर्चलाई घटाउनुपर्छ।

तपाईंको परिस्थितिअनुसार तपाईंले पाउनुहुने मासिक वा हप्ते आम्दानीलाई एउटा कागजमा लेख्न शुरु गरेर बजेट बनाउनुहोस्। तपाईंको आम्दानीलाई जोड्नुभएपछि, तपाईंका विभिन्न खर्चलाई लेख्नुहोस् र तिनीहरूलाई पनि जोड्नुहोस्। *तपाईंको जम्मा खर्च तपाईंको जम्मा आम्दानीभन्दा बढी हुनुहुँदैन।*

उदाहरणको रूपमा, म यहाँ तपाईंलाई बजेटको साधारण नमूना प्रस्तुत गर्न चाहन्छु। मैले यहाँ लेखेको रकम तपाईंको परिस्थितिमा नमिल्ने हुनसक्छ, तर तपाईंले कसरी बजेट बनाउनुपर्छ भनी यसले तपाईंलाई देखाउनेछ।

| आम्दानी | | खर्च | |
|---|---|---|---|
| तलब | रु. ३,००० | दशांश र भेटी | रु. ४०० |
| अन्य आम्दानी | रु. ५०० | घरभाडा | रु. ६०० |
| | | पानी, बिजुली | रु. १०० |
| | | खानेकुरा | रु. १,००० |
| | | लुगाफाँटा | रु. ५०० |
| | | विद्यालय | रु. ४०० |
| | | यात्रा | रु. २०० |
| | | वचत | रु. ३०० |
| जम्मा | रु. ३,५०० | जम्मा | रु. ३,५०० |

मुद्रा स्फ्रीतिको कारण, हरेक अवस्थामा मिलाउनका लागि तपाईंले घरिघरि आफ्नो बजेटलाई सामञ्जस्य गर्नुपर्ने आवश्यकता पर्छ। तर यदि तपाईंले वास्तविक रकमका सट्टामा तपाईंको आम्दानीको प्रतिशतका रूपमा खर्चलाई प्रतिशतमा राख्नुभयो भने, तपाईंले घरिघरि परिवर्तन गर्नुपर्दैन।

१०. यस पाठमा दिइएको उदाहरणअनुसार, तपाईंको अभ्यास-पुस्तिकामा आफ्नो निम्ति बजेट तयार पार्नुहोस्।

## परमेश्वरलाई पहिलो स्थान दिनु

उद्देश्य ५. *रकमहरूको सूचीबाट दिइएको आम्दानीको दशांशलाई प्रतिनिधित्व गर्नेलाई छान्नुहोस् ।*

नमूना बजेटमा दिइएको खर्चहरूको सूचीमा पहिलो विषय दशांश र भेटीहरू भनी लेखिएको तपाईंले देख्नुभयो । यो यस्तै नै हुनैपर्छ । परमेश्वर हाम्रा पहिलो प्राथमिकता हुनुपर्छ । वास्तवमा, हामीसँग भएका सबैथोक हामीले परमेश्वरबाट नै प्राप्त गरेका हौं; तर यस संसारमा परमेश्वरको कामको विस्तारको निम्ति सहयोग पुऱ्याउन हाम्रो कमाइको एक भाग छुट्ट्याउनको निम्ति उहाँले हामीलाई आज्ञा दिनुभएको छ । यो भाग दशांश र भेटीहरू मिलेर बनेको हुन्छ । दशांशचाहिँ प्रभुलाई अर्पण गरिएको दशौं भाग हो भने भेटीहरूचाहिँ कुनै पनि मूल्य वा औसतको हुनसक्छ ।

*दशांशको शुरु र इतिहास*

दशांश दिने चलन कहिले शुरू भयो सो हामीलाई थाहा छैन; तर कयिन र हाबिलको समयदेखि नै मानिसहरूले परमेश्वरकहाँ भेटीहरू ल्याउँथे भन्ने कुराचाहिँ हामीलाई थाहा छ (उत्पत्ति ४:३-५) ।

दशांशहरू पहिलोपल्ट अब्राहामको समयमा उल्लेख गरिएको छ । वास्तवमा, उनले पूजाहारी राजा मल्कीसेदेकलाई दशांश दिएका थिए (उत्पत्ति १४:२०) । दशांश पहिलेदेखि नै स्थापित चलन थियो भन्ने कुरा बाइबलीय विवरणबाट नै स्पष्ट हुन्छ; यस अवसरमा मात्र यो स्थापित भएको थियो भन्ने कुनै संकेत त्यहाँ छैन । यसका अतिरिक्त, अब्राहाम जुन देशबाट आए त्यस देशका कल्दीहरूले शुरुको समयदेखि नै दशांश दिने चलन चलाएका थिए ।

उत्पत्ति २८:२२ मा हामी देख्छौं कि परमेश्वरले आफूलाई दिनुभएका सबै थोकका दशांश परमेश्वरलाई दिने प्रतिज्ञा याकूबले गरेका थिए । शताब्दीयौं पछि, दशांश दिने चलनलाई व्यवस्थाको रूपमा प्रभुद्वारा निर्धारण गरिएको थियो (लेवी २७:३०-३२) ।

प्रभु येशूले पनि दशांशलाई स्वीकार गर्नुभयो (मत्ती २३:२३) । धार्मिक अगुवाहरूले दशांश चढाएकोमा उहाँले तिनीहरूलाई हप्काउनुभएन, तर तिनीहरू दशांश तिर्नका लागि जति सतर्क थिए, महत्त्वपूर्ण कुराहरू गर्नका लागि चाहिँ

तिनीहरू वास्तै गर्दैनथे । तर पनि येशूले स्पष्टसँग भन्नुभयो: "अरूहरू (दशांशहरू)लाई अवहेलना नगरीकन यिनीहरू (व्यवस्थाका महत्त्वपूर्ण शिक्षाहरू)लाई तिमीले अभ्यास गर्नुपर्छ ।"

दशांशमा संलग्न सिद्धान्तहरूअनुसार दिनुपर्छ भनी प्रेरित पावलले मण्डलीहरूलाई सिकाएका थिए (१ कोरिन्थी १६:१-२) । वास्तवमा उनले हरेक विश्वासीलाई क) केही धन छुट्ट्याउनु, ख) हरेक आइतबार (बेलाबेलामा), ग) आफ्नो कमाइअनुसार (अनि दशांशचाहिँ कमाइअनुसार हुन्छ) भनी निर्देशन दिएका थिए । यसरी निम्नतम रूपमा प्रणालीगत तरीकाले परमेश्वरलाई दशांश दिने अभ्यासभन्दा उत्तम योजना त्यहाँ अरू छैन ।

११. बाइबलले पहिलोपल्ट कहिले दशांशहरूका बारेमा उल्लेख गरेको छ ?

..............................................................................................................

*दशांशको आकृति*

यदि तपाईसँग रूपियाँ-पैसा छैन तर बस्तुभाउ र खेतको उब्जनी छ भने पुरानो करार समयका इस्राएलीहरूले गरेझैं तपाईंले दशांशको आकारलाई छुट्ट्याउन सक्नुहुन्छ । उदाहरणको लागि, वर्षभरिमा तपाइर्एसँग २७ वटा थुमाहरू भए भने, तपाईंको दशांशचाहिँ ३ वटा थुमाहरू हो । यदि तपाईंको आफ्नै व्यवशाय छ भने, तपाईंको आम्दानीको १०% तपाईंको दशांश हुन्छ । यदि तपाईंको कमाइचाहिँ तलब वा पेन्सनको रूपमा छ भने उदाहरणको लागि रु. ३५०० तलबको तपाईंको दशांश रु. ३५० हुन्छ । कहिलेकहीं तपाईंको तलबको अतिरिक्त आम्दानीका अन्य स्रोतहरू पनि तपाईंसँग हुन सक्छन् । गर्नुपर्ने ठीक कामचाहिँ यिनीहरूबाट पनि दशांश दिनु हो । ती प्रभुबाटका आशिषहरू हुन् ! यदि हामीले थोरै बीउहरू रोप्यौं भने थोरै अन्न कटनी गर्न सक्छौं र यदि हामीले धेरै बीउहरू रोप्यौं भने धेरै अन्न कटनी गर्न सक्छौं भन्ने कुरालाई याद गर्नु महत्त्वपूर्ण हुन्छ (२ कोरिन्थी ९:६) ।



*दशांश दिनाले आउने आशिषहरू*

मलाकी ३:१० मा परमेश्वरले हामीलाई सिकाउनुहुन्छ कि दशांश दिनेहरूमाथि परमेश्वरले सबै किसिमका असल थोकहरूलाई प्रशस्तसँग खन्याइदिनुहुनेछ। अनि यदि तपाईं यसलाई शंका गर्नुहुन्छ भने, परमेश्वरले तपाईंलाई चुनौती दिनुहुन्छः "मलाई जाँचेर हेर !" आफ्ना आवश्यकताहरू पूरा गर्नका लागि दश भागमा नौ भाग आफुसँग हुँदा दशांश दिनेहरू गरीब रहँदैनन्। जिउनका लागि आफूसँग पर्याप्त नभएर गनगन गर्ने विश्वासी मलाई देखाउनुहोस् र प्रभुलाई दशांश नदिने यस्तो व्यक्ति म तपाईंलाई देखाउनेछु। वास्तवमा, हामी दशांश दिनेहरूलाई अनुभवबाट थाहा छ कि परमेश्वरको आशिषसहितको दशभागबाट नौ भागचाहिँ विना आशिषको दश भागबाट दश भागभन्दा धेरै हो (हितोपदेश ३:९)।

अन्त्यमा, तपाईंले परमेश्वरलाई दिनुहुँदा तपाईंको प्रवृत्तिलाई विचार गर्नु पनि महत्त्वपूर्ण छ। २ कोरिन्थी ९:७ मा हामी पढ्छौं कि हामीले "इच्छा नभई वा कारकापमा परेर होइन तर खुशीसाथ दिनुपर्छ; किनभने खुशीसाथ दिनेलाई परमेश्वरले प्रेम गर्नुहुन्छ।" यदि हामी दिँदाखेरि बेखुशी भयौं वा हामीले दिनैपर्छ भनी विचार गरेको कारण मात्र यदि हामीले दियौं भने, हाम्रो निम्ति भएको परमेश्वरको पूर्ण आशिषबाट हामी बञ्चित हुन्छौं। यद्यपि, यदि हामीले आराधना र भक्तिको कार्यको रूपमा खुशीसाथ दियौं भने, हामीसँग प्रशस्त आशिष बाँड्नका लागि हामी परमेश्वरको निम्ति बाटो खोलिदिन्छौं।

१२. मानिलिऔं जीवन नाम भएका व्यक्तिको आम्दानी रु. ३५०० छ र सागसब्जी बेच्दा उनलाई रु. ३०० नाफा हुन्छ। उनको दशांशलाई प्रतिनिधित्व गर्ने तल उल्लिखित रकमको अगाडिको अक्षरमा घेरा लगाउनुहोस्।

क. रु. ३५०

ख. रु. ३६०

ग. रु. ३७०

घ. रु. ४००

१३. तल बायाँपट्टि दशांश र दिने बारेका केही बयानहरू छन् र दायाँपट्टि चाहिँ दशांश र दिने बारेका बाइबल पदहरू उल्लिखित छन्। प्रत्येक बाइबल पदसँग यस पदलाई समर्थन गर्ने बयानको जोडा मिलाउनुहोस्।

....क) दशांश दिनेहरूलाई आशिषको प्रतिज्ञा गरिएको छ । १) उत्पत्ति १४:२०
....ख) दशांशमा संलग्न सिद्धान्तहरूअनुसार मण्डलीलाई दिनुपर्छ भनी प्रेरित पावलले सिकाएका छन् । २) उत्पत्ति २८:२२
३) मलाकी ३:१०
....ग) अब्राहामले दशांशहरू दिए । ४) मत्ती २३:२३
....घ) आफूले दशांश दिने कुरा याकूबले परमेश्वरसँग प्रतिज्ञा गरे । ५) १ कोरिन्थी १६:१-२
....ङ) येशूले दशांशलाई स्वीकृत गर्नुभयो ।

१४. २ कोरिन्थी ९:६-१५ लाई पढ्नुहोस् । ठीक प्रवृत्तिसाथ एक विश्वासीले परमेश्वरलाई दिँदा हुने सबै असल थोकहरूलाई आफ्नो अभ्यास-पुस्तिकामा सूची बनाउनुहोस् ।

## आफ्नो रूपियाँ-पैसालाई बुद्धिमानसाथ खर्च गर्नु

उद्देश्य ६. *बुद्धिमानसाथ रूपियाँ-पैसालाई खर्च गर्नको निम्ति दिइएका सिद्धान्तहरूलाई पछ्याउने व्यक्तिहरूका उदाहरणहरूलाई पहिचान गर्नुहोस् ।*

*सम्भव भएसम्म नगद पैसा तिरेर नै किन्नुहोस्*

तपाईंले कुनै थोकलाई अलिअलि पैसा तिर्नेगरी किस्ताबन्दीमा किन्नुभएको छ भने त्यो जहिले पनि महँगो पर्छ किनकि बेच्ने व्यक्तिले बढी शुल्क लगाएर तपाईंलाई बेचेको हुन्छ । अनि यदि कुनै आकस्मिक घटना भएर तपाईंले किस्ताबन्दी चुक्ता गर्न सक्नुभएन भने तपाईंले किन्नुभएको कुरा र तिर्नुभएको रकम तपाईंले गुमाउन सक्ने सम्भावना हुन्छ ।

*ऋण नलिनुहोस्*

कसैको केही कुरामा ऋणी नहोओ भनी बाइबलले हामीलाई बताउँछ (रोमी १३:८) । यो ठूलो सत्यता हो । ऋण माग्नुचाहिँ आर्थिक समस्याहरूको सजिलो समाधानजस्तो देखिन्छ, तर कहिलेकहीं यो उपचारचाहिँ रोगभन्दा पनि खराब हुनसक्छ । यदि तपाईंले ठीक समयमा तिर्न सक्नुभएन भने तपाईंले खराब साक्षी प्रस्तुत गर्नुहुन्छ, साथीहरू गुमाउनुहुन्छ, अनि तपाईंको ख्रीष्टियान हिँडाइमा पनि बाधा भएको तपाईंले भेट्टाउनुहुन्छ होला । कति धेरै विश्वासीहरू मण्डलमा नगईबस्छन् किनकि आफूले लिएको ऋण तिर्न नसकेपछि, ऋण दिने ती

विश्वासीहरूलाई भेट्न उनीहरूलाई लाज लाग्छ ! हाम्रा खाँचोहरूलाई प्रार्थनामा परमेश्वरकहाँ लैजानु अति नै असल हुन्छ । उहाँले अवश्य पनि तिनीहरूलाई पूरा गर्नुहुन्छ । तर यदि तपाईंले तिर्नुपर्ने ऋणहरू छन् भने, समयमा नै ती तिर्नुहोस् । अनि यदि आपतस्थितिको कारण तपाईंले तिर्न सक्नुभएन भने, तपाईंलाई ऋण दिने व्यक्तिलाई भेट्न नछोड्नुहोस् । उनीकहाँ जानुहोस् र तपाईंको अवस्थालाई बताउनुहोस् । उनले अवश्य पनि केही दिन पर्खनेछन्, र तपाईं जिम्मेवारपूर्ण व्यक्ति हुनुहुन्छ भनी देखाएर तपाईंले राम्रो साक्षी प्रस्तुत गर्नुहुनेछ ।

१५. *यदि तपाईंले कसैसँग ऋण लिनुभयो र समयमा तिर्न सक्नुभएन भने, तपाईंले के गर्नुपर्छ ?*

..............................................................................................

*खाँचो परेको कुरालाई सबैभन्दा पहिले किन्नुहोस्*

तपाईंको खर्चमा प्राथमिकतालाई प्रयोग गर्नुहोस् । उदाहरणको लागि, तपाईंलाई साँच्चै आवश्यक पर्ने थोकहरू नकिनीकन किन विलासिताका सामानहरूमा तपाईंले रूपियाँ-पैसा खर्च गर्ने ? एक दम्पत्ति र तिनीहरूका दुइ जना छोराछोरी एउटै ओछ्यानमा सुत्नुपर्छ; तर तिनीहरूले एउटा रङ्गिन टेलिभिजन किने !

*फारो गर्नुहोस्*

तपाईंले किन्नुभन्दा पहिले मूल्यहरूको जाँच गर्नुहोस् । यदि तपाईंले आफूलाई मन पर्ने कुरा कुनै पसलको झ्यालबाट देख्नुभयो भने, त्यही कुरालाई अर्को कुनै ठाउँमा तपाईं धेरै सस्तो पनि भेट्टाउन सक्नुहुन्छ । तपाईंले कम गुणस्तरको सस्तो कुरा किनेर मैले त सस्तो भेट्टाएँ चाहिँ नभन्नुहोस् । लामो दौडानमा कहिलेकहीं सस्तो थोक अझै महँगो पर्छ !

तपाईंसँग भएका थोकहरूलाई पूरापूर सदुपयोग गर्नुहोस् । तपाईंका लुगाफाटा र मालसामानहरूको हेरचाहा गर्नुहोस् र यसरी ती लामो समयसम्म प्रयोग गर्न सकिने हुन्छन् । बिजुली वा पानीलाई खेर नफाल्नुहोस् । तपाईंले धेरै पैसा तिर्नुपर्ने के आवश्यकता छ र ?

यदि तपाईं गृहपत्नी हुनुहुन्छ भने, तपाईंले फारो गर्नका लागि पकाउने कुरालाई भरेर पकाउनु पर्छ र यसो गर्दा खेर जाने डर हुँदैन; अनि केही खानेकुरा बाँकी रह्यो भने पनि ती नफाल्नुहोस् । अर्को खानामा तपाईंले यसलाई फेरि

प्रयोग गर्न सक्नुहुन्छ वा आवश्यकतामा परेको कसैलाई दिन सक्नुहुन्छ। येशूले रोटी र माछालाई बढाउनुभएको उहाँको शिक्षा यस विषयमा अति नै उपयुक्त छ (यूहन्ना ६:१२-१३)।

१६. बुद्धिमानसाथ रुपियाँ-पैसा खर्च गर्नका निम्ति यस पाठमा दिइएका सिद्धान्तहरूलाई पछ्याउने व्यक्तिको प्रत्येक उदाहरणको अगाडिको अक्षरमा घेरा लगाउनुहोस्।

क. आफ्नो परिवारले खानेभन्दा बढी नपकाउनका निम्ति मरियमले होशियारीसाथ योजना बनाउँछिन्।

ख. जिमले सामबाट केही पैसा लिएका छन्। आफ्नो ऋणलाई आफूले तिर्न नसकेको कारण उनी मण्डली नै जान छोड्छन्, जहाँ दुवै उनी र साम सदस्यहरू छन्।

ग. आफू पसेकी पहिलो पसलमा नै सुजनले आफ्ना छोराछोरीका निम्ति लुगा किनिन्।

घ. जर्जलाई नयाँ रेडियो किन्न मन लागेको छ। तर सबैभन्दा पहिले आवश्यक परेका कुराहरूलाई उनी किन्छन्, तब बाँकी रहेको रकमचाहिँ उनी रेडियोको नीम्त सञ्चय गर्छन्।

## स्वयम्-जाँच

१. धन-सम्पत्तिको बारेमा बाइबलले भनेका कुरासँग सहमत हुने प्रत्येक बयानको अगाडिको अक्षरमा घेरा लगाउनुहोस् ।

क. परमेश्वरको राज्यमा आउनका निम्ति धनीहरूका लागि असम्भव छ ।

ख. आफूले आफ्नो सम्पत्ति परमेश्वरलाई दिएको कुरा राजा दाऊदले बताएका थिए ।

ग. हामीले अरूहरूका निम्ति गरिदिएका कुराहरूले स्वर्गमा हाम्रो धन-सम्पत्ति जम्मा भएको हुन्छ ।

घ. पृथ्वीको धन-सम्पत्ति परमेश्वरको हो, तर उहाँले मानवजातिलाई भूमि दिनुभएको छ ।

ङ. आफ्नो निम्ति धन-सम्पत्ति जम्मा गर्ने र सञ्चय गर्ने व्यक्तिले अर्थहिन तरीकामा काम गरेको हुन्छ ।

२. बायाँपट्टिको प्रत्येक वाक्यसँग यसलाई सम्बोधन गर्ने दायाँपट्टिको प्रवृत्तिलाई जोडा मिलाउनुहोस् ।

| | |
|---|---|
| ... क. सधैंभरि सबै थोकहरू चाहने प्रवृत्ति | १) लोभ |
| ... ख. यो प्रवृत्ति झूटा देवताहरूलाई पूजेको जस्तै हो | २) फिक्री |
| ... ग. यस्तो प्रवृत्ति हामीमा किन हुनुहुँदैन भनी मत्ती ६:२५-३४ मा येशूले हामीलाई कारणहरू दिनुहुन्छ | |
| ... घ. यो प्रवृत्ति हामीमा हुनुहुँदैन भनी १ पत्रुस ५:७ मा हामी पढ्छौं । | |

३. आफ्नो रुपियाँ-पैसा र सम्पत्तिप्रति बाइबलमा सिकाइएअनुसारको प्रवृत्ति भएको प्रत्येक व्यक्तिको उदाहरणको अगाडि घेरा लगाउनुहोस् ।

क. आफूलाई आवश्यक पर्ने सबैथोक ज्योतिसँग भए तापनि उनले अरू धेरै कुराहरू चाहेका कारण उनी खुशी छैनन् ।

ख. सुजनको तलब अति थोरै छ । तर जिउनका लागि यो पुग्छ र यसमा तिनी खुशी छिन् ।

ग. टमसँग थोरै मात्र छ, यसैले अरूहरूसँग केही कुरा बाँड्नुपर्छ जस्तो उनलाई लाग्दैन ।

४. रूपियाँ-पैसा कमाउने बारेमा बाइबलले सिकाएका सिद्धान्तहरूसँग सहमत नहुने धेरै बयानहरू तल दिईएका छन् । उल्लिखित बयान गल्ती छ भनी देखाउनका लागि तपाईंले प्रयोग गर्ने बाइबल पदलाई खाली ठाउँमा लेख्नुहोस् ।

क. एक ख्रीष्टियान कारिन्दाले फाइदा कमाउने कोशिश गर्नुहुँदैन ............................

ख. प्रभुको निम्ति आफ्नो रूपियाँ-पैसा कुनै व्यक्तिले प्रयोग गऱ्यो भने उसले जसरी पैसा कमाए पनि हुन्छ ............................

ग. धनीबाट लुटेर एक धर्मी व्यक्तिले न्याय ल्याउन सक्छ ............................

घ. यदि एक विश्वासीले काम गर्न चाहेन भने, अरूहरूले उसको वास्ता गर्नुपर्छ र उसलाई खानेकुरा दिनुपर्छ ............................

ङ. परमेश्वरका आशिषमा भौतिक थोकहरू समावेश छैनन् ............................

५. अर्थर र उनकी पत्नीले आफ्नो घरको निम्ति धेरै मालसामान किन्न आवश्यक छ । तर एकैपल्ट सबै सामानहरू किन्नका लागि उनीहरूसँग पर्याप्त रूपियाँ-पैसा छैन । पाठमा दिइएको बुद्धिमानसाथ रूपियाँ-पैसा खर्च गर्ने सिद्धान्तअनुसार तिनीहरूले के गर्नुपर्छ ?

क. तिनीहरूलाई आवश्यक पर्ने पैसा ऋण दिने साथीलाई भेट्टाउनु ।

ख. अलि-अलि गरी किस्ताबन्दीमा तिर्नेगरी पूरै मालसामान किन्नु ।

ग. आफूले पैसा तिर्न सक्ने जतिको मालसामान मात्र किन्नु ।

घ. आपतकालिन समयको निम्ति छुट्ट्याइएको केही पैसालाई प्रयोग गर्नु ।

६. मानिलिऔं माथिको प्रश्न ५ मा अर्थर र उनकी पत्नीले क) *तिनीहरूलाई आवश्यक पर्ने पैसा ऋण दिने साथीलाई भेट्टाउनु भन्ने विकल्पलाई छाने ।* यो छनोट सीधै कुन सिद्धान्तको विरुद्धमा हुन्छ ?

क. सम्भव भएसम्म नगद पैसा तिरेर नै किन्ने ।

ख. ऋण नलिने ।

ग. खाँचो परेको कुरालाई सबैभन्दा पहिले किन्ने ।

घ. फारो गर्ने ।

## अध्ययन प्रश्नहरूका उत्तरहरू

९. ख) शान्ति ।
   ग) जर्ज ।

१. ती सम्पत्ति हाम्रा होइनन् तर परमेश्वरका हुन् भनी हामीले लेख्नुपर्छ ।

१०. तपाईंको उत्तर । के तपाईंको आम्दानीभन्दा खर्च बढी छ ? यदि यसो हो भने, खर्चलाई घटाउने केही उपाय तपाईं देख्नुहुन्छ ?

२. ख) जेन ।
   घ) जोश ।

११. बाइबलले पहिलोपल्ट अब्राहामका दिनहरूमा दशांशको उल्लेख गरेको छ ।

३. एक व्यक्तिको साँचो जीवन उसँग भएका धन-सम्पत्तिबाट बनेको हुँदैन ।

१२. घ) रु. ४००।– यदि तपाईंले ग) रु. ३७० छान्नुभएको भए झण्डै झण्डै पुग्थ्यो होला । (१०% चाहिँ रु. ३८० हुन्छ । यद्यपि, पाठमा दिइएको उदाहरणले देखाउँछ कि १०% भन्दा घटीचाहिँ होइन तर त्यसभन्दा बढीचाहिँ दशांश हुन्छ ।)

४. किनकि परमेश्वरले हाम्रो वास्ता गर्नुहुन्छ ।

१३. क) ३) मलाकी ३:१० ।
   ख) ५) १ कोरिन्थी १६:१-२ ।
   ग) १) उत्पत्ति १४:२० ।
   घ) २) उत्पत्ति २८:२२ ।
   ङ) ४) मत्ती २३:२३ ।

५. तपाईंका रूपियाँ-पैसा, समय र खूबीहरू परमेश्वरलाई उदारचित्तले दिने बारेमा सम्भवतः तपाईंले सूची बनाउनु भएको होला ।

१४. तपाईंको उत्तरमा यी कुराहरू उल्लेख भएको हुनुपर्छ :
   क) तपाईंलाई आवश्यक पर्ने सबै कुरा तपाईंले पाउनुहुनेछ (८-१० पदहरू) ।

ख) परमेश्वरले तपाईंलाई पर्याप्त दिनुहुनेछ यसरी तपाईं जहिले पनि उदारदायी हुनसक्नुहुन्छ (११ पद) ।

ग) तपाईंका उपहारहरूका निम्ति अरूहरूले परमेश्वरलाई धन्यवाद दिनेछन् (११,१२ पदहरू) ।

घ) परमेश्वरले महिमा लिनुहुनेछ (१३ पद) ।

ङ) तपाईंले दिनुभएका कुराहरूबाट आशिष पाउनेहरूले तपाईंको निम्ति प्रार्थना गर्नेछन् ।

६. ग) "आफ्ना भौतिक आवश्यकताहरूका बारेमा फिक्री नगर्नु भनी येशूले मानिसहरूलाई भन्नुभयो ।"

ङ) "गरीब व्यक्ति उदार हुनका लागि सम्भव छ ।"

१५. तपाईंलाई ऋण दिने व्यक्तिकहाँ तपाईं जानुपर्छ र तपाईंको परिस्थितिलाई बताउनुपर्छ ।

७. क) असहमत-१ तिमोथी ६:९ । (गरीब व्यक्तिहरू पनि धनी हुन चाहन्छन् ।)

ख) असहमत-१ तिमोथी ६:१० । (रूपियाँ-पैसा नै होइन, तर रूपियाँ-पैसाको मोह सबै किसिमको खराबीको स्रोत हो ।)

ग) सहमत-मत्ती ६:२५-३४ ।

घ) असहमत-प्रेरित २:४५; ४:३४-३७; र २ कोरिन्थी ८:१-३ । (आफ्ना सम्पत्तिप्रति भएको तिनीहरूको प्रवृत्ति र ती थोकहरूलाई उनीहरू के गर्छन् भन्ने कुरामा विभिन्नता ।)

ङ) सहमत-लूका २१:२-४; २ कोरिन्थी ८:१-३ ।

१६. क) मरियम ।

घ) जर्ज ।

८. तपाईंको उत्तरमा यो कुनै पनि उल्लेख भएको हुनसक्छ : परमेश्वरको कामको निम्ति आवश्यक पर्ने कुरा यसले उपलब्ध गराउन सक्छ, गरीबहरूका निम्ति जुटाउन सक्छ, आफ्नो खाँचो पूरा गर्नको निम्ति हरेक व्यक्तिलाई सहयोग पुऱ्याउन सक्छ ।